**मिति २०८१/०२/२४ गते बिहिबार, १५८ औं कार्यपालिका बैठक**

**प्रस्तावहरुः**

१. अघिल्लो बैठकका निर्णय समीक्षा सम्बन्धमा ।

२. नगरसभाको मिति तय सम्बन्धमा।

३. वधशालाको थप पूर्वाधार निर्माण सम्बन्धमा।

४. वडा कार्यालयको नाममा जग्गा स्रेस्ता कायम सम्बन्धमा।

५. बजार व्यवस्थापन सम्बन्धमा।

६. कार्यविधि पेश तथा पारित सम्बन्धमा।

७. अपुग रकम व्यवस्थापन सम्बन्धमा। (सरसफाई शाखामा कार्यरत कर्मचारीको अतिरिक्त भत्ता)

८. सार्वजनिक जग्गा खाली गर्ने सम्बन्धमा।

९. न्यायीक समितिको निर्णय कार्यान्वयन सम्बन्धमा।

१०. विविध

**निर्णय नं. १**

घोराही उपमहानगरपालिका नगरकार्यपालिकाको अघिल्लो बैठकले गरेका निर्णय कार्यान्वयनको अवस्थाबारे समीक्षा गरियो।

**निर्णय नं. २**

घोराही उपमहानगरपालिकाको नगरसभाको १५औं अधिवेशन यहि मिति २०८१ साल असार २ गते आइतबार दिनको १ बजेका लागि आव्हान गर्ने निर्णय गरियो।

**निर्णय नं. ३**

घोराही उपमहानगरपालिकामा निर्माणाधीन पशुवधशालाको थप संरचना निर्माणका लागि २ पटकसम्म ठेक्का आव्हान गरिएकोमा कुनै ठेक्का नपरेको साथै उक्त योजना निर्माण गर्न अत्यावश्यक रहेकोले उपभोक्ता समितिबाट निर्माण गर्ने।

**निर्णय नं. ४**

घोराही उपमहानगरपालिकाको ५ नं. वडा कार्यालयको च.नं. २४७४ र मिति २०८१।०२।१६ गतेको पत्रबाट ५ नं. वडा कार्यालय रहेको जग्गा वडा कार्यालयको नाममा श्रेष्ता कायमका लागि प्राप्त पत्र अनुरुप भूमि सुधार तथा मालपोत कार्यालय दाङको र.नं. ७०००, मिति २०५०।०२।१९ गतेको दानपत्र लिखत अनुसार ज.ध.बाट साविक धर्ना ८ग कि.नं. ३५ बाट कित्ताकाट भई १३३ साविक धर्ना गाविसको नाममा कायम भै पुर्जा प्राप्त भएको र २०५८ सालमा कार्यालयमा आगजनी भै पुर्जा जलिसकेकोले र साविक धर्ना गाविस हाल उपमहानगरपालिकाको ५ नं. वडा कार्यालय कायम भएकाले उक्त जग्गा ५ नं. वडा कार्यालय धर्नाको नाममा श्रेष्ता कायमका लागि सम्बन्धित निकायमा सिफारिस गर्ने।

**निर्णय नं. ५**

**५.१** घोराही उपमहानगरपालिकाको बजार क्षेत्र अन्तर्गत वडा नं. १४ र १५ भित्र संचालनमा रहेका मोटरसाइकल तथा अटो वर्कसपहरुले मुल बाटोमै आवागमनलाई अवरोध पुग्ने गरी तथा बाटोको संरचना समेत विग्रने गरी सवारी साधन मर्मत गर्ने गरेको तथा त्यस कार्यले पैदल यात्रीहरुलाई असहज भएको, सडक दुर्घटनाको सम्भावना बढेको साथै सडकको संरचना समेत बिग्रने अवस्था रहेकोले त्यस्ता प्रकृतिका वर्कसपहरुलाई वडा नं. १४ मा रहेको अटोभिलेज वा अन्य स्थानमा सार्वजनिक सडकको आवागमनलाई असर नपर्ने गरी स्थानान्तर गर्ने। साथै वडा नं. १४ र १५ मा रहेका कवाड व्यवसायीहरुलाई वडा नं. १६ स्थित करौती डाँडामा स्थानान्तरणका लागि समेत सूचना प्रकाशन गरी व्यवस्थापन गर्ने।

**५.२** बजार क्षेत्रको पार्किङलाई व्यवस्थित गर्न सरकारी कार्यालय, बैंक,अस्पताल, सिनेमाहलहरुलाई पार्किङको व्यवस्थापन गर्न अनुरोध गर्ने। साथै बजार क्षेत्रमा रहेका व्यक्तिगत अण्डर ग्राउण्ड पार्किङहरुलाई प्रयोगमा ल्याउन सम्बन्धीत पक्षसँग समन्वय गरी पार्किङलाई व्यवस्थित गराउने।

**निर्णय नं. ६**

**६.१** मिति २०८१।०२।१३ गते बसेको नगरकार्यपालिका बैठकमा पेश भएका तपसिल बमोजिमका कार्यविधिहरु पारित गर्ने।

**तपसिलः**

१. निजि वन विकास तथा व्यवस्थापन सम्बन्धी कार्यविधि २०८१
२. लैङ्गीक हिंसा नियन्त्रित नगर घोषणा सम्बन्धी कार्यविधि २०८१
३. प्लाष्टिकजन्य वस्तु प्रतिबन्ध सम्बन्धी ऐन २०८१

**६.२** घोराही उपमहानगरपालिकाको सार्वजनिक खरिद नियमावली २०८१ आगामी नगरसभाको १५औं अधिवेशनमा पेश गर्नेगरी स्वीकृत गरियो।

**निर्णय नं. ७**

घोराही उपमहानगरपालिका सरसफाई व्यवस्थापन शाखामा कार्यरत कर्मचारीहरुले सार्वजनिक विदाको दिन काम गरे वापत पाउने अतिरिक्त भत्ता सम्बन्धमा आगामी आ.व.बाट कानून बनाई नियमानुसार हुनेगरी हाललाई एक पटकको लागि मात्र असार मसान्तसम्मको अपुग भत्ता भुक्तानीको खर्च रकम रु.७,५०,०००।— अन्य भत्ता शीर्षकबाट भुक्तानी हुने गरी उपलब्ध गराउने।

**निर्णय नं. ८**

घोराही उपमहानगरपालिका वडा नं. १२ को थाक्ले टोलको खेलकुद मैदानमा रोका विल्डर्सले ग्राभेल ढुंगा डम्प गरी राखेको हुँदा उक्त सार्वजनिक जग्गामा राखिएको ग्राभेल ढुंगा हटाउन सम्बन्धित निर्माण सेवालाई १५ दिने सूचना दिने। उक्त तोकिएको समयावधि भित्र डम्प गरि राखेको ग्राभेल ढुंगा सम्बन्धीत निर्माण सेवाबाट नहटाए उपमहानगरपालिका आफैले हटाउने र यसरी हटाउदा लागेको खर्च समेत निर्माण सेवाबाट असुल उपर गर्ने।

**निर्णय नं. ९**

निवेदक दाङ घोराही उपमहानगरपालिका वडा नं. १७ बस्ने फणिधर भण्डारी, विपक्षी घोराही उपमहानगरपालिका वडा नं. १७ का वडा अध्यक्ष रामलौटन चौधरी समेत भएको भोगचलनको जग्गा अतिक्रमण रोकी पाउँ भन्ने विवादमा न्यायिक समितिबाट मिति २०८०।१२।१५ मा विवादित जग्गा कब्जा गरी भोगचलन गर्ने कुनै अधिकार नभएकोले वादीले अवैध रुपमा बनाएको घर टहरा हटाउने र कि.नं. १५ र १६ को जग्गा खाली गराई जग्गाको संरक्षण सम्बन्धीत वडा कार्यालयले गर्ने भनी भएको निर्णय उपर चित्त नबुझे पुनरावेदन गर्नु भनी मिति २०८१।०१।०२ मा सूचना म्याद तामेत भएकोमा निवेदकले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ५१ अनुसार ३५ दिन भित्र जिल्ला अदालतमा पुनरावेदन गरिसक्नु पर्नेमा पुनरावेदन नगरी न्यायिक समितिको निर्णय स्वीकार गरी बसेको देखिएको भनि कानूनी मामिला शाखाबाट लेखि आएकोले उक्त निर्णय कार्यान्वयनका लागि वादीले अवैध रुपमा जग्गा कब्जा गरी बनाएको घर टहरा खाली गराइ उक्त जग्गाको संरक्षण वडा कार्यालयले गर्ने।

**निर्णय नं. १०**

१०.१घोराही उपमहानगरपालिका वडा नं १० बस्ने सुनिल शर्मा मिति २०८१।०२।१९ गते रुखबाट लडेर घाइते हुनु भई हाल उहाँ राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानमा भर्ना भई उपचारार्थ रहेको तथा उहाँको आर्थिक अवस्था अत्यन्त कमजोर रहेकोले औषधी उपचारको लागि सहयोग गरिदिनुहुन भनि १० नं. वडा कार्यालयको च.नं. ४७७६, मिति २०८१।०२।२२ गतेको पत्रबाट सिफारिस साथ अनुरोध भई आएकोले उहाँलाई सहयोग स्वरुप रकम रु.१५,०००।— घोराही उपमहानगरपालिकाको अन्य संस्था सहायता शीर्षकबाट  उपलब्ध गराउने।

**१०.२** भरोसा कोष दाङ नेपाल महिला सिप विकास मंचको च.नं. २७ मिति २०८१।०२।२४ गतेको पत्रबाट मिति २०८१।०२।२५ गते हुने महिला स-शक्तिकरणका लागि अर्थ संकलन विषयमा अन्तर्किया कार्यक्रम रहेकोले उक्त कार्यक्रम संचालनका लागि सहयोग स्वरुप अधिकतम रकम रु.१५,०००।— सम्म खर्च भएको विल अनुसारको रकम विल जारी गर्ने पार्टीको नाममा घोराही उपमहानगरपालिकाको अन्य संस्था सहायता शीर्षकबाट भुक्तानी दिने।

**१०.३** नेपाल मगर संघ घोराही उपमहानगरपालिका कार्यसमितिको आयोजनामा हरेक वर्ष झै यस वर्ष पनि असार १ गतेदेखि ५ गतेसम्म मनाइने भूमे पर्वको अवसरमा विविध साँस्कृतिक कार्यक्रम आयोजना गरिने भएकोले उक्त कार्यक्रमका लागि आवश्यक आर्थिक सहयोगका लागि नेपाल मगर संघ कार्यसमिति दाङको च.नं. १२८, मिति २०८१।२।१३ गतेको पत्रबाट अनुरोध भई आएकोले उक्त कार्यक्रम संचालनका लागि कार्यक्रममा भएको खर्चको विल भर्पाई अनुसार अधिकतम रकम रु.३०,०००।— सम्म विल जारी गर्ने पार्टीको नाममा घोराही उपमहानगरपालिकाको धार्मिक तथा साँस्कृतिक संस्था सहायता शीर्षकबाट भुक्तानी दिने।